दोरम्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## टोकरपुर, रामेछाप

वाग्मती प्रदेश, नेपाल

प.स.७६/७७

च.नं.

## दोरम्वा गाउँपालिकाको कार्यालयवाट जारी प्रेस विज्ञप्ति

विश्वभर फैलिरहेको नोवेल कोरोना भाईरस (**COVID-19**) दोरम्वा गाउँपालिकाको वडा नं. ४ गौश्वाराका एक व्यक्तिमा फैलिएको भन्ने सामाजिक सञ्जाल र अन्य गैरमिडिया (व्लगर)मा आएको समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। सो सम्वन्धमा मिति २०७६/१२/१२ मा रामेछाप जिल्लाको रेडियो तिफदीसंग गाउँपालिका भित्र कोरोना भाईरसको नियन्त्रणका लागि गरिएको प्रयास विषयमा भएको अर्न्तवार्तालाई गलत अर्थ लगाई आधिकारिक पुष्टि नभएको हल्लाको विषयलाई सामाजिक सञ्जाल र गैरकानुनी रुपमा रहेका व्लगरवाट प्रसारण गरिदा समाज झन त्रसित भएको देखिन्छ।

सो सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, रामेछापवाट गठित छानवीन समितिले आफ्ना मातहतका निकायहरुवाट स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टोली परिचालन गर्दा काठमाण्डौ मैतीदेवीमा रहेको एक होटलमा काम गर्ने दोरम्बा ४ गौश्वारा घर भएको भनिएका व्यक्ति मिति २०७६/ १२ / ११ गते मंगलवारका दिन दिउसो करिव ७ वजे बेलुकी फोरह्वील गाडीवाट दोरम्बा गाउँपालिकाको टोकरपुर हुदै गौश्वारा पुगेको तर सामाजिक सञ्जाल र अन्य मिडियावाट प्रसारण गरेजस्तो निजमा कुनै रोगको लक्षण नदेखिएको, गाउँपालिकावाट खटिएका स्वास्थ्यकर्मीले मिति २०७६/ १२/ १३ गते दिनको ३:४५ बजे स्वास्थ्य परिक्षण गर्दा ज्वरोको मात्रा ९७.२ डिग्री फरेनहाईट, प्रेसरको मात्रा १२०/८० mm/hg रहेको, खोकी नभएको र कोरोना भाईरस सम्वन्धी देखिने पुर्व लक्षण कुनैपनि नदेखिएको एवं निज र निजको परिवार सुरक्षित रुपमा आफ्नो घरमा वसेकोले उक्त सामाजिक सञ्जालमा आएका समाचार यर्थाथ नभई भ्रम/हल्ला मात्र रहेकोले उक्त सामाजिक सञ्जालमा आएका समाचारप्रति भ्रमित नहुन सवैमा अनुरोध गर्न चाहान्छौ। यस प्रकारका समाचारवाट निज व्यक्तिमा पर्न गएको सामाजिक क्षतिप्रति दुःख प्रकट गर्न चाहान्छौ। साथै आधिकारिक मिडियामा आएको सत्य विषयहरु बाहेक आधिकारिक रुपमा दर्ता नभएका मिडिया, सामाजिक सञ्जाल र पुष्टि हुन नसकेका विषयलाई लएर त्रसित/आतंकित नहुन सवैमा हार्दिक अनुरोध गरिन्छ।

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
दोरम्वा गाउँपालिकाको कार्यालय

कमानसिं तामाङ(मोक्तान)
अध्यक्ष
दोरम्वा गाउँपालिका

मिति २०७६/१२/१३